# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कोशी प्रदेश
# दुहवी,सुनसरी

प.स.२०८०।०८१
च.नं.

मितिः-२०८०/११/०२

सूचना ! सूचना !! सूचना !!!

विषयः- अफ्रिकन स्वाइन फिभर सम्वन्धमा ।

प्रस्तुत विषयमा पशु सेवा विभाग हरिहर भवन, ललितपुरको मिति २०८०।१०।२१ गतेको प्रेस विज्ञप्ति अनुसार अफ्रिकन स्वाइन फिभर रोग सुङ्गुर / बंगुर तथा बँदेल प्रजातिमा बिषाणुको कारण लाग्ने उच्च मृत्युदर भएको छिटो फैलिने पशु बाट मानिसमा नसर्ने सरुवा रोग हो । हाल यो रोग तनहुँ,लमजुङ, र कास्कि जिल्लाहरुमा पुष्टि भएको छ ।

यो रोगको सङ्क्रमण हुँदा उच्च ज्वरो आउने (१०४ देखि १०७ डिग्री फरेनहाइट), कान, पुच्छर, पेटको तल्लो भागको बाहिरि छाला रातो हुने, शरीरमा रातो धब्बा देखिने, दानापानी नखाने, बान्ता गर्ने, छर्ने, छट्पटाउने, लडखडाउने, तुहिने जस्ता लक्षणहरु सहित सुङ्गुर/बंगुर तथा बँदेल मर्ने जस्ता लक्षण देखिन्छन ।

यो रोग विशेष गरी रोगी सुङ्गुर/बंगुर तथा बँदेल, पाठापाठी, मासु वा रोगी पशुको संपर्कमा आएका सामाग्री हरुको लसपस वा ओसारपसारको माध्यमबाट फैलन सक्छ ।यो रोगको हाल सम्म कुनैपनी प्रभावकारी उपचार उपलव्ध छैन । सम्वन्धित सुङ्गुर/बंगुर पालन गर्ने कृषकहरुले आ-आफ्नो फार्ममा जैविक सुरक्षाका तपशिल अनुसारका उपायहरु अवलम्वन गर्न, सुङ्गुर/बंगुर तथा सुङ्गुर/बंगुर जन्य प्रदार्थहरु ओसारपसारमा उच्च सतर्कता अपनाउनु हुन र माथी उल्लेख भएका सङ्कास्पद लक्षणहरु आफनो फर्म तथा वरिपरी देखा परेमा नगरपालिकाको पशु सेवा शाखामा संपर्क गर्नहुन अनुरोध गरिन्छ ।

<u>तपशिल</u>

- फार्ममा जैविक सुरक्षाका विधिहरु अवलम्बन गर्ने ,
- सुङ्गुर/बंगुर पालिएको खोरमा र फार्म परिसरमा नियमित सरसफाई गरीचुना,ब्लिचिङ्ग पाउडर,फर्मालिन लगाएतका निःसङ्क्रमणका औषधिहरु प्रयोग गरी निःसङ्क्रमण गर्ने,
- रोगको शंका लागेमा पशुहरु (सुङ्गुर/बंगुर) लाई बथान बाट छुट्याएर अलग्गै राख्ने,
- मरेको पशु (सुङ्गुर/बंगुर) लाइ राम्रोसँग खाडलमा गाड्ने,
- घरपालुवा सुङ्गुर/बंगुर लाइ जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने,
- सुङ्गुर/बंगुर लाई होटल रेष्टुरेन्ट बाट फालिएका खानेकुरा नखुवाउने,
- तयारी दाना वाहेक अन्य अहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने ।

.............................